Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY ESTD : 2057
25th RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २६ | अंक: ४६ | वि.सं. २०८३ जेठ १५ शुक्रवार | नेपाल संवत: ११४५, ज्येष्ठ शुक्ल त्रयोदशी | Friday 29 May 2026 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-

### कर्णाली सरकारको वार्षिक नीति, कार्यक्रम तथा बजेट :

# कार्यान्वयनमै जादैनन् रणनैतिक महत्वका योजना




**◣ओम शाही**
**सुर्खेत, १४ जेठ ।**

कर्णाली प्रदेशको दोस्रो आवधिक योजना (२०८१/८२-२०८५/०८६) ले भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयले विकास गर्ने गरी सडक, यातायात पूर्वाधार, यातायात व्यवस्थापन, भवन बस्ती तथा सहरी विकाससमेत तीन क्षेत्रमा ३८ वटा अपेक्षित लक्ष्य निर्धारण गरेको छ ।

आवधिक योजनाले तय गरेका लक्ष्य मध्ये विद्युतीय रेल, मोनोरेल, केबलकार र रज्जुमार्ग सञ्चालेन गर्न आवश्यक नीतिगत, कानुनी र संस्थागत व्यवस्थाको जग प्रदेश सरकारले  आफ्ना वार्षिक नीति, कार्यक्रम तथा बजेटमार्फत बसाल्दै लैजानु पर्नेछ । हिमाल-तराई विद्युतीय रेलमार्ग, मोनोरेल, रज्जुमार्ग र केबलकारको सार्वजनिक-निजी साझेदारीमा गुरुयोजना तयारी, विद्युतीय सवारी साधन चार्जिङ्ग स्टेशन स्थापना र सेवा सञ्चालन, जिल्ला सदरमुकाम र आर्थिक-व्यापारिक केन्द्रमा सहरको रूपमा विकास जस्ता कार्यहरू दोस्रो आवधिक योजनाको लक्ष्य अनुसार अघि बढ्नुपर्ने थियो ।

बिडम्बना कर्णालीको सडक, यातायात पूर्वाधार, यातायात व्यवस्थापन, भवन बस्ती तथा सहरी विकासमा गेमचेन्जर बन्न सक्ने कार्यक्रम प्रदेश सरकारले नीति तथा कार्यक्रममै सीमित बनाएर राखेको छ । दोस्रो आवधिक योजना तयार भएयता प्रदेश सरकारले यी महत्वपूर्ण योजनालाई नीति तथा कार्यक्रममा समावेश गरेको छ ।

तर, कार्यान्वयनमा भने प्रगति सून्य छ । नीति तथा कार्यक्रममा सुनौला अक्षरले लेखेको प्रदेश सरकारले यी योजना कार्यान्वयन गर्न आवश्यक बजेट नै विनियोजन गरेको देखिदैन । हालै सार्वजनिक महालेखापरीक्षक कार्यालयको आठौं प्रदेशस्तरीय वार्षिक प्रतिवेदनले आवधिक योजनाले निर्दिष्ट गरेका लक्ष्य हासिल गर्नेगरी बजेट तथा कार्यक्रम कार्यान्वयन नगर्ने प्रदेश सरकारको कार्यशैलीप्रति प्रश्न उठाएको छ ।

महालेखाले संघीय सरकारसँगको समन्वयमा जग्गा प्राप्त गरी प्रदेश सरकारका मन्त्रालयहरू एकीकृत परिसरभित्र भवन संरचनासहितको एकिकृत भवन निर्माण, भूमिहीन तथा लोपोन्मुख समुदायको सुरक्षित बस्ती व्यवस्थापन र राउटे आवास संरचना निर्माण, नेपाल सरकारसँगको समन्वय र सहकार्यमा प्रदेश राजधानी स्मार्ट सहर निर्माणको कार्यलाई निरन्तरता, सडकलाई व्यवस्थित, सुरक्षित छोटो र सहज बनाउन सुरुङमार्गको सम्भाव्यता अध्ययन जस्ता कार्य अघि नबढाउनुले आवधिक योजनाले लिएका लक्ष्य कदापी हासिल गर्न नसकिने टिप्पणी गरेको छ ।

यस्तै, आवधिक योजना अनुसार कर्णालीको स्वास्थ्य क्षेत्रमा समेत सुधार गर्न सरकारले तत्परता देखाएको छैन । कर्णालीमा जन्मदाको अपेक्षित आयु आर्थिक वर्ष २०८५/०८६ सम्म ७३.२ वर्ष पुऱ्याउने लक्ष्य रहेकोमा ७२.६ वर्ष, बाल मृत्युदर प्रति हजार २८ पुऱ्याउने लक्ष्य रहेकोमा ३५, साक्षरतादर ८० प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा ७९ प्रतिशत छ । यस्तै, युवा साक्षरतादर ९९ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा गत आर्थिक वर्षसम्म ९४.४ प्रतिशत मात्र पुगेको देखिन्छ ।

## पर्यटन पूर्वाधारका योजनाको हालत पनि उस्तै

प्रदेश सरकारले सार्वजनिक गरेको गत आर्थिक वर्ष २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रममा समावेश भएका पर्यटन पूर्वाधार विकासका महत्वपूर्ण योजनासमेत कार्यान्वयनमा प्रवेश गरेका छैनन् । गत आर्थिक वर्षको नीति तथा कार्यक्रममा भनिएको थियो, 'पर्यटन क्षेत्रको विकास र सम्भाव्य खानीको अन्वेषण, उत्खनन्, स्थानीय कच्चा पदार्थमा आधारित उत्पादनमा जोड दिने, सुर्खेत विमानस्थलको पूर्वाधार विस्तार गर्ने, स्थानीय तहसँग समन्वय गरी रक क्लाइम्बिङ, प्याराग्लाइडिङ, बन्जी जम्प, र्‍याफ्टिङ, हिमालयन ट्रेल्स, स्नोकी लगायतका साहसिक पर्यटकीय कार्यक्रम सञ्चालन तथा प्रवर्द्धन गरिने

▶▶ **बाँकी ३ पेजमा**

## कृषि क्षेत्रमा पनि छैन सन्तोषजनक प्रगति

दोस्रो आवधिक योजनाले लिएको लक्ष्य अनुसार कर्णालीको कृषि क्षेत्रमा पनि सन्तोषजनक प्रगति हुन सकेको छैन । हरेक वर्षका नीति, कार्यक्रम तथा बजेटमा सरकारले कर्णालीको कृषिलाई प्राथमिकतामा राखेको दावी गर्दै आएको छ ।

तर, दीर्घकालिन महत्व राख्ने कृषिका योजना कार्यान्वयनमा भने प्रदेश सरकार जिम्मेवार बनेको देखिदैन । प्रदेशको दोस्रो आवधिक योजनाले कृषि, पशु, भूमि व्यवस्था र सहकारी गरी चार क्षेत्रमा २२ वटा अपेक्षित उपलब्धि निर्धारण गरेको छ । गत वर्षको अन्त्यसम्म भूमि बैङ्कमार्फत खेतीयोग्य जमिनको व्यवसायीकरण, बाँझो जग्गाको उपयोग र सार्वजनिक जमिनको लगत अद्यावधिक, संघ तथा स्थानीय सरकारको समन्वयमा भूमिहीन, सुकुम्वासी, विपन्न परिवारलाई खेतीयोग्य जग्गा उपलब्ध गराउने योजना प्रदेश सरकारको थियो ।

यस्तै, वैज्ञानिक भू-उपयोग गुरुयोजना कार्यान्वयन, स्थानीय तहसँग समन्वय गरी खाद्य तथा पोषण असुरक्षित घर परिवारको पहिचानसहितको परिचयपत्र वितरण, पशु क्वारेन्टाइन स्थापना र सञ्चालन गर्ने योजना पनि प्रदेश सरकारको थियो । नेपाल कृषि अनुसन्धान परिषद्सँगको सहकार्यमा एकीकृत पशुपन्छी तथा मस्य अनुसन्धान केन्द्र सञ्चालन, प्रमुख नाकाहरूमा कृषि प्रयोगशाला स्थापना गरी विषादी परीक्षण तथा नियमनका क्षेत्रमा काम गर्ने सरकारको योजना अझै पुरा भएको छैन ।

# बालिका तथा समावेशी शिक्षा सञ्जालको क्षमता बढाउन कार्यशाला



**◣युग संवाददाता**
**सुर्खेत, १४ जेठ ।**

कर्णालीमा बालिका तथा समावेशी शिक्षा सञ्जालको क्षमता विकासका लागि कार्यशाला सम्पन्न भएको छ । बिहिबार वीरेन्द्रनगरमा प्रदेश र स्थानीय तहमा रहेका बालिका तथा समावेशी शिक्षा सञ्जाललाई सदृढ र कार्यान्वयमुखी बनाउन क्षमता विकास कार्यशाला सम्पन्न गरिएको हो ।

कर्णाली प्रदेश सामाजिक विकास मन्त्रालयको समन्वयमा भएको कार्यशाला एक्सेस परियोजनाको अगुवाईमा सम्पन्न भएको हो । एक्सेस परियोजना युरोपियन युनियनको सहयोग, पिपुल इन निडको नेतृत्वमा एकान्टेबिलिटी ल्याब, नेपाल अपाङ्ग महिला संघ र शिक्षाका लागि राष्ट्रिय अभियानद्वारा सञ्चालित परियोजना हो ।

पिपुल इन निडका कर्णाली प्रदेश संयोजक मञ्जु लोहनीले सञ्जालका सदस्यहरुको क्षमता अभिबृद्धि गरेर उनीहरुको भूमिका तथा जिम्मेवारी स्पष्ट पार्न र प्रणालीगत समन्वयलाई प्रभावकारी बनाउन कार्यशाला आयोजना गरिएको बताइन । उनका अनुसार लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण उत्तरदायी र समावेशी शिक्षाको प्रभावकारी प्रवर्द्धन गर्ने उद्देश्यका साथ कार्यशाला आयोजना गरिएको हो ।

कार्यशालाको उद्घाटन सत्रमा कर्णाली प्रदेश सरकारका सामाजिक विकास मन्त्री घनश्याम भण्डारीले शिक्षा सुधारको पहिलो अधिकार स्थानीय तहमै रहेकोले स्थानीय तहबाटै पहल गर्न आवश्यक रहेको बताए । उनले समावेशी शिक्षाका निम्ति संवैधानिक अधिकारसहितको जिम्मेवारी र काम कर्तव्य बमोजिम नै सरकारी निकायले प्राथमिकताकता दिने उल्लेख गरे ।

कार्यक्रममा मन्त्री भण्डारीले विकास पूर्वाधार गाँउ पुग्ने र विद्यार्थी शहर पुग्ने प्रवृत्तिलाई कम गर्न कार्यशाला केन्द्रित हुनुपर्नेमा जोड दिए । बालिका तथा समावेशी शिक्षा सञ्जाल मार्फत शिक्षा सुधारका योजनालाई प्रभावकारी रुपमा कार्यान्वय गर्न सकिने उनको भनाइ छ । मन्त्री भण्डारीले सबैको सहकार्यमा शिक्षाको उज्यालो फैलाउन सकिने भएकोले सञ्जालको सक्रियताको लागि प्रदेश सरकार सधै लागिपर्ने बताए ।

कार्यक्रममा सामाजिक विकास मन्त्रालयका सचिव रोशनीकुमारी श्रेष्ठले कार्यशालामा उठेका बिषयहरु मन्त्रालयले सम्बोधन गर्ने बताइ । उनले एउटा बालिका शिक्षित भयो भने परिवार अनि सिङ्गो समाज नै शिक्षित हुने उल्लेख गरे ।

शिक्षित बालिका भएको समाजमा अन्धबिश्वास हट्ने र शिक्षा तथा स्वास्थ्यमा पहुँच विस्तार हुने उनले बताइन । कार्यशालामा एक्सेस परियोजनाले गरिरहेको कामको जानकारी गराईएको थियो । त्यसैगरी बालिका तथा समावेशी शिक्षा सञ्जालको नक्साङ्कनको अभ्यास गरिनुका साथै सञ्जालको रणनीति, मापदण्ड, समावेशी शिक्षा, संघीय योजना तथा प्राथमिकता बारेमा सहजीकरण गरिएको थियो ।

त्यसैगरी संघीय सरकारको बालिका तथा समावेशी शिक्षा सञ्जालको रणनीतिक कार्यान्वयन योजनाको मस्यौदामा छलफल गरिएको छ भने कर्णाली प्रदेश सरकारको समावेशी शिक्षाको

▶▶ **बाँकी ३ पेजमा**

## हावाहुरीबाट बचौं र बचाऔं ।

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरि चल्न थालेपछि झ्यालढोका बन्द गरौं,
- छतको गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी रुपमा नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं,
- हावाहुरि चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
- हावाहुरीबाट हुने क्षति कम गर्न पुर्व तयारी एंव सतर्कता अपनाऔं ।

कर्णाली प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
वीरेन्द्रनगर, सुर्खेत ।

GANGAMALA TRAVELS & TOUR PVT. LTD

CAR WASH

Birendranagar-12, Surkhet
gttpvt@gmail.com
9851329169, 9858052810



● MINI BUS ● JEEP/CAR
● EV VAN ● SUMO JEEP

## सम्पादकीय....

# दूरदर्शी योजनालाई भारको दृष्टिले हेर्न मिल्छ ?

संघीयताको मर्म राजनीतिक अधिकारको बाँडफाँटमा मात्रै सीमित छैन, विकास र अवसरको समन्यायिक वितरणमा पनि यसको सार निहित हुन्छ। यही सोचका साथ आर्थिक वर्ष २०७३/७४ को बजेटमार्फत 'एक प्रदेश एक मेडिकल कलेज' को अवधारणा अघि सारिएको थियो। देशका सबै नागरिकलाई शिक्षा र स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्ने उद्देश्यले ल्याइएको यो योजना विशेषगरी पिछडिएका प्रदेशका लागि आशाको किरण बनेको थियो । कर्णाली प्रदेशका नागरिकले पनि सुर्खेत मेडिकल कलेजलाई आफ्नो स्वास्थ्य, शिक्षा र समृद्धिसँग जोडिएको दीर्घकालीन रणनीतिक आयोजना मानेका थिए। विडम्बना सात वर्षसम्म साइनबोर्डबाहेक कुनै उल्लेखनीय उपलब्धि हासिल गर्न नसकेको यो आयोजना अहिले खारेजीको चरणमा पुगेको छ। यसले केवल एउटा आयोजना रोकिने संकेत मात्र गर्दैन, राज्यको विकास दृष्टि, कार्यक्षमता र प्रतिबद्धतामाथि गम्भीर प्रश्न पनि उठाएको छ। सरकारले अनुत्पादक, दोहोरो कार्यक्षेत्र भएका तथा अनावश्यक वित्तीय भार बढाउने भन्दै सुर्खेत, बर्दिबास र बुटवल मेडिकल कलेज पूर्वाधार निर्माण आयोजना खारेज गर्ने निर्णय गरेको छ। निश्चय पनि राज्यले खर्च कटौती, मितव्ययिता र प्रभावकारी प्रशासनलाई प्राथमिकता दिनुपर्छ। तर, प्रश्न के उठ्छ भने–वास्तविक समस्या आयोजना हो कि त्यसलाई कार्यान्वयन गर्ने सरकारी संयन्त्रको अकर्मण्यता ? यदि कुनै योजना वर्षौंसम्म डीपीआर, गुरुयोजना र वातावरणीय प्रभाव मूल्यांकनकै गोलचक्करमा फसिरहन्छ भने दोष योजनाको होइन, निर्णय क्षमता र कार्यान्वयन शैलीको हो ।

सुर्खेत मेडिकल कलेजको अवस्था हेर्दा सरकारी योजनाहरू कसरी कागजमै सीमित हुन्छन् भन्ने स्पष्ट देखिन्छ । गुरुयोजना बनाउन चार वर्ष, वातावरणीय प्रभाव मूल्यांकन स्वीकृत गर्न पाँच वर्ष र अझैसम्म विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) नै तयार नहुनु प्रशासनिक ढिलासुस्तीको चरम उदाहरण हो । सरकारले हरेक वर्ष नीति तथा कार्यक्रममा आयोजना समावेश गरिरह्यो, बजेट छुट्याइरह्यो, तर फिल्डमा काम अगाडि बढेन । अझ तयार भएको डीपीआरसमेत मन्त्रालयले रद्द गर्दा करोडौं रुपैयाँ फ्रिज भयो। यसले योजना कार्यान्वयनमा देखिएको गैरजिम्मेवारी र समन्वय अभावलाई उजागर गर्छ । कर्णाली जस्तो भौगोलिक विकटता, स्वास्थ्य पूर्वाधारको कमजोरी र विशेषज्ञ जनशक्तिको चरम अभाव भएको प्रदेशका लागि मेडिकल कलेज केवल एउटा शिक्षण संस्था मात्र होइन, जीवनरेखा बन्न सक्थ्यो । वार्षिक सय चिकित्सक र ८० नर्स उत्पादन गर्ने, ६ सय बेडको अस्पताल सञ्चालन गर्ने तथा प्रदेशमै स्वास्थ्य सेवा र शिक्षाको पहुँच विस्तार गर्ने लक्ष्य आफैंमा दूरदर्शी थियो । यसले हजारौं युवालाई अवसर दिनुका साथै कर्णालीबाट उपचारका लागि अन्यत्र धाउनुपर्ने बाध्यता पनि कम गर्न सक्थ्यो । तर, राज्यले समयमै प्राथमिकता नदिँदा आज यो सपना तुहिने अवस्थामा पुगेको छ।

वास्तवमा समस्या स्रोत अभावभन्दा पनि राजनीतिक इच्छाशक्ति र प्रशासनिक उत्तरदायित्वको कमीमा देखिन्छ। संघीय सरकारले पर्याप्त बजेट, स्पष्ट कार्ययोजना र समयसीमा निर्धारण गरेर आयोजनालाई अघि बढाउन सकेको भए आज खारेजीको अवस्था आउने थिएन। अहिले आएर अनुत्पादक भन्दै आयोजना बन्द गर्नु विगतका कमजोरी ढाकछोप गर्ने प्रयासजस्तो देखिन्छ। अझ संघीयताको आधारभूत उद्देश्य नै पछाडि परेका क्षेत्रलाई माथि उठाउने हो भने कर्णालीजस्तो प्रदेशका दीर्घकालीन योजनालाई आर्थिक भारको दृष्टिले मात्र हेर्न मिल्दैन। राज्यले अब कम्तीमा पनि कर्णालीलाई एउटा उत्तर दिनुपर्छ–कर्णालीको विकास सपना किन बारम्बार अधुरै रहन्छ ? यदि योजना आवश्यक थिएन भने सुरु किन गरियो ? र यदि आवश्यक थियो भने सफल बनाउन गम्भीरता किन देखाइएन ? विकासका नाममा वर्षौंसम्म आशा बाँडेर अन्ततः योजना नै खारेज गर्नु जनतामाथिको अन्याय हो। सुर्खेत मेडिकल कलेजको प्रसंगले अब सरकारलाई एउटा पाठ सिकाउनुपर्छ–सपना बाँड्नु सजिलो हुन्छ, तर त्यसलाई व्यवहारमा उतार्न इमानदार प्रतिबद्धता, कार्यक्षमता र निरन्तरता अपरिहार्य हुन्छ।

# धार्मिक आस्था, प्राकृतिक सौन्दर्य र पर्यटन सम्भावनाको अनुपम संगम सुयाडा मालिका मन्दिर



✍ **देब बहादुर बुढा**

जाजरकोट जिल्ला छेडागाड नगरपालिका वडा नं २ घना जंगलको बीचमा अवस्थित सुयाडा मालिका मन्दिर धार्मिक तथा पर्यटकीय दृष्टिले महत्वपूर्ण गन्तव्यका रूपमा परिचित बन्दै गएको छ। शान्त वातावरण, हरियाली डाँडाकाँडा, मनोरम प्राकृतिक दृश्य र आध्यात्मिक अनुभूतिले यो क्षेत्रलाई विशेष आकर्षणको केन्द्र बनाएको छ। स्थानीय जनविश्वास अनुसार मालिका भगवती प्रति श्रद्धा राखी दर्शन गरे मनोकामना पूरा हुने विश्वास रहि आएको छ। यही धार्मिक आस्था र प्राकृतिक सौन्दर्यको संयोजनले सुयाडा मालिका क्षेत्रलाई धार्मिक पर्यटनसँगै इको-टुरिजमको उत्कृष्ट सम्भावना बोकेको क्षेत्रका रूपमा स्थापित गरिरहेको छ।

मध्यपहाडी लोकमार्गसँगको पहुँच, विकसित हुँदै गएको मन्दिर परिसर तथा वरपरको जैविक विविधताले यस क्षेत्रको महत्व अझ बढाएको छ। यहाँ आउने पर्यटकले धार्मिक दर्शन सँगै शान्त वातावरण, स्वच्छ हावा र मौलिक ग्रामीण जीवनशैलीको अनुभूति गर्छन्।

**धार्मिक उत्पत्तिको रोचक लोक आख्यान**

यस मन्दिरसँग जोडिएको एक महत्वपूर्ण जनश्रुति अनुसार जाजरकोट छेडागाड नगरपालिका-३ का जसिराम उपाध्याय नामका ब्राह्मण भैंसी गोठालोका रूपमा उक्त क्षेत्रमा पुगेका थिए। उनी सोही स्थानमा विश्राम गर्ने क्रममा निद्रामा परेपछि सपनामा त्यहाँ देवी मालिका भगवतीका मूर्ति, ताम्रपत्र तथा शिलालेखहरू रहेको दृश्य देखे। उक्त सपना अनुसार स्थानीय र सपनाधारी ब्राम्हणले सो स्थल उत्खनन् गर्दा वास्तवमै त्यहाँ देवीका मूर्तिहरू, ताम्रपत्र तथा ऐतिहासिक शिलालेखहरू फेला परेको विश्वास गरिन्छ। त्यसपछि उक्त पवित्र स्थानलाई संरक्षण गर्दै विधिवत रूपमा पूजा-आराधना सुरु गरियो र पछि त्यही स्थानमा सुयाडा मालिका मन्दिर स्थापना भएको मानिन्छ। यसले यस क्षेत्रको धार्मिक महत्वलाई अझ गहिरो र ऐतिहासिक बनाएको छ।

**अन्तरपालिका समन्वयबाट पर्यटन विकासको पहल**

यस क्षेत्रको दिगो विकास, धार्मिक पर्यटन प्रवर्द्धन तथा व्यवस्थित व्यवस्थापनका लागि मिति २०८३/०१/१८ गते सुयाडा मालिका क्षेत्रमै अन्तरपालिका बैठक आयोजना गरिएको थियो। उक्त बैठकमा जाजरकोटको छेडागाड नगरपालिका र दैलेखको भगवतीमाई गाउँपालिकाबीच क्षेत्रीय सहकार्यलाई थप सुदृढ गर्ने उद्देश्यका साथ महत्वपूर्ण छलफल सम्पन्न भएको छ। बैठकबाट सुयाडा मालिका क्षेत्रको समग्र विकास, फोहोर व्यवस्थापन, शान्ति सुरक्षा, धार्मिक वातावरण संरक्षण तथा व्यापार व्यवसायलाई व्यवस्थित र मर्यादित बनाउने विषयमा पाँच बुँदे महत्वपूर्ण दस्तावेजमा संयुक्त हस्ताक्षर गर्दै सहकार्यको नयाँ आधार तय गरिएको छ।

यस प्रकारको अन्तरपालिका समन्वयले सुयाडा मालिका क्षेत्रलाई धार्मिक तथा पर्यटकीय केन्द्रका रूपमा विकास गर्न थप टेवा पुग्ने विश्वास गरिएको छ। साथै स्थानीय आर्थिक गतिविधि विस्तार, रोजगारी सिर्जना तथा पर्यटनमैत्री वातावरण निर्माणमा समेत सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ।

**चुलाकोट मालिका : धार्मिक आस्था र हिमाली दृश्यावलोकनको अनुपम केन्द्र**

सुयाडा मालिका मन्दिर क्षेत्रबाट करिब ९०० मिटर माथिल्लो लेक क्षेत्रमा अवस्थित चुलाकोट मालिका मन्दिर यस क्षेत्रकै अर्को महत्वपूर्ण धार्मिक तथा पर्यटकीय गन्तव्य हो। प्राकृतिक सुन्दरता, धार्मिक महत्व तथा हिमाली दृश्यावलोकनका कारण चुलाकोट मालिका पछिल्लो समय थप चर्चामा आउँदै गएको छ। विशेषगरी जनैपूर्णिमाको अवसरमा यहाँ विशाल धार्मिक मेला लाग्ने गर्दछ। उक्त मेलामा दैलेख, सुर्खेत, जाजरकोट लगायतका जिल्लाबाट हजारौं भक्तजनहरूको सहभागिता रहने गर्दछ। स्थानीय परम्परा अनुसार मेलामा पुग्ने भक्तजनहरूले त्यहाँका पुजारीबाट वर माग्ने विशेष धार्मिक प्रचलन रहेको पाइन्छ। ताँहा बर प्राप्त गर्दा सन्तान प्राप्त हुने, धन, अन्न, बर बधु समेत प्राप्ति हुने जनविश्वास रही आएको छ। जसले यस क्षेत्रको सांस्कृतिक तथा आध्यात्मिक महत्वलाई झन् गहिरो बनाएको छ। चुलाकोट मालिकाबाट दैलेख, कालिकोट, सुर्खेत तथा जाजरकोटका विभिन्न भू-भागहरूको मनोरम दृश्यावलोकन गर्न सकिन्छ। मौसम अनुकूल भएको अवस्थामा नेपालगञ्ज क्षेत्रसँगै नेपालका प्रसिद्ध हिमश्रृंखलाहरू धौलागिरी, नीलगिरी, अन्नपूर्ण, सिस्ने हिमाल तथा कुसे-मुसे हिमशृंखलाको समेत अवलोकन गर्न सकिने स्थानीय विश्वास र अनुभव रहेको छ। साथै वरपर फैलिएको घना जंगल क्षेत्रले यहाँको प्राकृतिक आकर्षणलाई अझ मनमोहक बनाएको छ।

**पदमार्ग निर्माण : धार्मिक पर्यटन विकासको नयाँ आधार**

सुयाडा मालिका मन्दिरदेखि चुलाकोट मालिका मन्दिरसम्म सहज पहुँच विस्तार गर्न रेलिङसहितको "टु-वे" सिँढीयुक्त पदमार्ग निर्माण गर्ने कार्यमा नगरपालिका सक्रिय रूपमा लागिरहेको छ। उक्त पदमार्गमा बीचबीचमा विश्राम स्थल निर्माण गर्ने योजना समेत अघि बढाइएको छ।

यस पूर्वाधार निर्माणसँगै चुलाकोट मालिकाको प्रचारप्रसार थप प्रभावकारी हुने, आन्तरिक तथा बाह्य पर्यटकको आकर्षण बढ्ने तथा धार्मिक पर्यटनको नयाँ गन्तव्यका रूपमा विकास हुने अपेक्षा गरिएको छ। साथै यसले स्थानीय व्यापार व्यवसाय, होमस्टे, कृषि उत्पादन तथा रोजगारीका अवसरहरूमा समेत सकारात्मक प्रभाव पार्ने विश्वास गरिएको छ।

**सुयाडा-चुलाकोट मालिका क्षेत्रका प्रमुख विशेषताहरू**

- धार्मिक आस्था र शक्ति उपासनासँग जोडिएको महत्वपूर्ण क्षेत्र
- सुयाडा मालिका र चुलाकोट मालिकाको धार्मिक सम्बन्ध
- जनैपूर्णिमामा लाग्ने ऐतिहासिक तथा धार्मिक मेला
- घना जंगल, स्वच्छ वातावरण र शान्त प्राकृतिक क्षेत्र
- हिमश्रृंखला तथा पहाडी भू-दृश्य अवलोकनको उत्कृष्ट स्थल
- धार्मिक, सांस्कृतिक तथा इको-टुरिजमको प्रचुर सम्भावना
- पदमार्ग, विश्रामस्थल तथा पूर्वाधार विकासको विस्तार हुँदै गएको क्षेत्र
- स्थानीय संस्कृति, परम्परा र ग्रामीण जीवनशैलीसँग जोडिएको मौलिक गन्तव्य

**विकास, संरक्षण र आध्यात्मिक शिक्षाको नयाँ आयाम**

सुयाडा-चुलाकोट मालिका क्षेत्रको विकास, संरक्षण तथा प्रचारप्रसारका लागि छेडागाड नगरपालिका,जाजरकोट भगवतीमाई गाउँपालिका,दैलेख, कर्णाली प्रदेश सरकार मातहतका विभिन्न निकाय तथा संघीय सरकारले आ-आफ्नो तहबाट भौतिक पूर्वाधार निर्माणमा लगानी गर्दै आएको अवस्था छ। मन्दिर परिसर व्यवस्थापन, पदमार्ग निर्माण, विश्रामस्थल, खानेपानी, सरसफाइ तथा अन्य धार्मिक पूर्वाधार निर्माणका कार्यहरू क्रमशः अघि बढिरहेका छन् भने अझै मन्दिरको केही भाग,मन्दिर क्षेत्रको घेराबार र आश्रम स्थल लगायतका थुप्रै संरचना निर्माण गर्न बाँकी रहेका छन्। यस क्षेत्रलाई व्यवस्थित धार्मिक तथा पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न आगामी दिनमा थप पूर्वाधारको विकास विस्तार, संरक्षणका कार्यक्रम सञ्चालन गर्न , प्रभावकारी प्रचारप्रसार समेतको लागि सरोकारवाला निकायहरूको अझ सशक्त सहकार्य समन्वय आवश्यक देखिन्छ। स्थानीय समुदाय, सरकार तथा धार्मिक संस्थाहरूबीचको समन्वयले मात्रै यस क्षेत्रको दीर्घकालीन संरक्षण र समृद्धि सम्भव हुने अपेक्षा गरिएको छ।

विशेष महत्वका साथ, यस क्षेत्रमा निकट भविष्यमा अखण्ड वेद विद्याश्रम सञ्चालन गर्ने तयारी भइरहेको छ, जसलाई स्वर्गद्वारी मन्दिर प्यूठान जस्तै आध्यात्मिक तथा वैदिक शिक्षाको महत्वपूर्ण केन्द्रका रूपमा विकास गर्ने लक्ष्य राखिएको छ। साथै गुरुकुल शिक्षाको पठनपाठन भने अघिल्लो शैक्षिक सत्रदेखि नै प्रारम्भ भइसकेको छ। यसले धार्मिक पर्यटनसँगै वैदिक शिक्षा, संस्कृतिको संरक्षण तथा आध्यात्मिक अध्ययनको केन्द्रका रूपमा यस क्षेत्रको महत्वलाई अझ उचाइमा पुर्‍याउने विश्वास गरिएको छ।

**सम्भावना र भविष्यको दिशा**

सुयाडा-चुलाकोट मालिका क्षेत्र धार्मिक पर्यटन, प्राकृतिक पर्यटन तथा सांस्कृतिक पर्यटनको एकीकृत विकास गर्न सकिने अत्यन्त सम्भावनायुक्त क्षेत्रका रूपमा रहेको छ। यहाँको धार्मिक आस्था, प्राकृतिक सौन्दर्य, हिमाली दृश्यावलोकन, घना वन क्षेत्र तथा मौलिक संस्कृति भविष्यमा ठूलो पर्यटकीय आकर्षण बन्न सक्ने आधारहरू हुन्।

यदि योजनाबद्ध रूपमा पूर्वाधार विकास, प्रचारप्रसार, सरसफाइ व्यवस्थापन, सुरक्षा व्यवस्था तथा स्थानीय सहभागितालाई सुदृढ गर्न सकिएमा यो क्षेत्र कर्णाली प्रदेशकै प्रमुख धार्मिक तथा पर्यटकीय गन्तव्यका रूपमा स्थापित हुन सक्ने प्रचुर सम्भावना रहेको छ।

यस क्षेत्रको विकाससँगै स्थानीय उत्पादनको बजारीकरण, होटल तथा होमस्टे व्यवसाय विस्तार, युवाहरूलाई रोजगारी सिर्जना, सांस्कृतिक संरक्षण तथा स्थानीय अर्थतन्त्र सुदृढीकरणमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ।

**निष्कर्ष र अपेक्षा**

"धार्मिक आस्था, प्राकृतिक सौन्दर्य, हिमाली दृश्यावलोकन र अन्तरपालिका सहकार्यको अनुपम संगम"का रूपमा रहेको सुयाडा-चुलाकोट मालिका क्षेत्र जाजरकोट जिल्लाको मात्र होइन, समग्र कर्णाली प्रदेशकै एक उज्वल पर्यटन सम्भावना बोकेको क्षेत्र हो ।यस क्षेत्रको योजनाबद्ध विकास, निरन्तर संरक्षण, प्रभावकारी प्रचारप्रसार तथा स्थानीय समुदायको सक्रिय सहभागिताले यसलाई भविष्यमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटकीय गन्तव्यका रूपमा स्थापित गर्न सक्ने विश्वास गर्न सकिन्छ। यसरी धार्मिक आस्था र प्रकृतिको अद्‌भुत संगमलाई संरक्षण गर्दै दिगो पर्यटन विकासतर्फ अघि बढ्नु नै आजको आवश्यकता हो, जसले स्थानीय समृद्धि, रोजगारी र सांस्कृतिक पहिचानलाई अझ सुदृढ बनाउनेछ।

र अन्त्यमा मेरो सानो प्रयास मार्फत सुयाडा-चुलाकोट मालिका क्षेत्रले पर्यटन, धार्मिक तथा सांस्कृतिक क्षेत्र भित्र थोरै भए पनि आफ्नो पहिचान र स्थान बनाउन सफल हुनेछ भन्ने विश्वास सहित यसको प्रचारप्रसारले मात्रै पर्यटन प्रर्बद्धन, विकास विस्तार र संरक्षणले गति लिने भएकोले यो सामग्री अध्ययन गर्नुहुने पाठकवर्गहरुले पाठ्यसामग्री मार्फत पनि लाइक शेयर गरी प्रचारप्रसारमा जोड दिनुहुनेछ भन्ने अपेक्षा व्यक्त गर्दछु ।धन्यवाद।। जय मालिका ।।।

"धार्मिक आस्था, प्राकृतिक सौन्दर्य, हिमाली दृश्यावलोकन र अन्तरपालिका सहकार्यको अनुपम संगम – सुयाडा-चुलाकोट मालिका क्षेत्र।"

*(लेखक छेडागाड नगरपालिका, जाजरकोटका सूचना अधिकारी हुन्।)*

## विश्व

# अमेरिका-इरान तनावले फेरि बढ्यो तेलको मूल्य, एशियाली शेयर बजारमा गिरावट

◣ **तेहरान, १४ जेठ ।**

इरानमाथि अमेरिकाले नयाँ सैन्य कारबाही गरेपछि बिहीबार अन्तर्राष्ट्रिय बजारमा तेलको मूल्य फेरि बढेको छ भने अधिकांश एशियाली शेयर बजारमा गिरावट आएको छ । मध्यपूर्व युद्धविराम कमजोर बन्दै गएको संकेतसँगै बजारमा पुनः तनाव देखिएको हो ।

बुधबार सम्भावित शान्ति सम्झौताप्रति आशा बढेपछि तेलको मूल्य घटेको थियो। तर नयाँ घटनाक्रमपछि उक्त गिरावट धेरै हदसम्म मेटिएको छ। युद्धका कारण महत्त्वपूर्ण हर्मुज जलडमरूमध्यमार्फत हुने ढुवानी महिनौंदेखि प्रभावित हुँदै आएको छ।

अमेरिकी अधिकारीका अनुसार अमेरिकी सेनाले इरानका चार ड्रोन खसाल्नुका साथै दक्षिणी सहर बन्दर अब्बासस्थित एक नियन्त्रण केन्द्रमा आक्रमण गरेको छ । नाम नखुलाउने सर्तमा ती अधिकारीले कारबाहीलाई 'सन्तुलित, पूर्ण रूपमा रक्षात्मक र युद्धविराम कायम राख्न लक्षित' बताएका छन् ।

इरानको सरकारी सञ्चारमाध्यमले भने इरानी सेनाले जलडमरूमध्य क्षेत्रमा चार जहाजमाथि गोली प्रहार गरेको जनाएको छ । यता कुवेतले आफ्नो हवाई सुरक्षा प्रणालीले मिसाइल र ड्रोन आक्रमणको जवाफ दिइरहेको जनाएको छ।

यी घटनाक्रमबीच एक इरानी अधिकारीले अमेरिका-इरानबीच पुनः ठूलो युद्ध हुने सम्भावना कम रहेको बताएका छन् । तर अमेरिकी राष्ट्रपतिले शान्ति सम्झौता नभए 'काम समाप्त गरिने' चेतावनी दिए।

यसले मध्यपूर्व युद्ध अन्त्यका लागि भइरहेका वार्ता अझै अस्थिर अवस्थामा रहेको संकेत दिएको छ, जसले विश्व ऊर्जा बजारमा गम्भीर प्रभाव पारिरहेको छ।

अन्तर्राष्ट्रिय मापदण्ड कच्चा तेलको मूल्य बिहीबार बिहानको कारोबारमा १.८ प्रतिशतले बढेर प्रतिब्यारेल ९५.९५ डलर पुगेको छ। अमेरिकी कच्चा तेलको मूल्य पनि १.७ प्रतिशतले बढेर ९०.१७ डलर पुगेको छ।

एशियाली शेयर बजारहरूमा भने अधिकांश सूचकांक घटेका छन्। हङकङको प्रमुख सूचकांक १.५ प्रतिशतभन्दा बढीले ओरालो लागेको छ।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्युत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** – विभिन्न सहयोग तथा उपहार प्राप्त हुने समय छ। आयआर्जन पनि मनग्य हुनेछ। तर सोखले खर्च भने बढाउन सक्छ।

**वृष** – स्रोतसाधन जुटाउन केही खर्च र दौडधुप गर्नुपर्ला। पछिका लागि लगानी गर्नुपर्ने समय छ। काममा अरूको मुख ताक्नाले पछि परिनेछ।

**मिथुन** – आँटेको काम बन्नेछ भने मिहिनेतले सफलताको उचाइमा पुर्याउनेछ। अध्ययनको लगावले विशेष अवसर दिलाउन सक्छ।

**कर्कट** – केही अवसर प्राप्त भए पनि ईर्ष्यालु मन भएकाहरूले सताउन सक्छन्। काममा विभिन्न उल्झन आउनाले पछि परिनेछ।

**सिंह** – आश्वासन बाँड्नेहरूले झुक्याउन सक्छन्। कामको अवसर प्राप्त भए पनि तत्काल प्रतिफल हातलागी नहुन सक्छ।

**कन्या** – बोलीको गलत अर्थ लाग्नाले वादविवादमा परिने सम्भावना छ। आत्तिने बानीले काम बिग्रनुका साथै हातमा आएको मौका गुमाउनुपर्ला।

**तुला** – चुनौतीपूर्ण कामको दायित्व लिनाले अलि दुःख पाइनेछ। सम्भावना देखिए पनि न्यून उपलब्धिमै चित्त बुझाउनुपर्ला। साथीभाइ टाढिनेछन्।

**वृश्चिक** – समयमा होसियार बन्न नसक्दा खर्च बढ्ने देखिन्छ। परिवारजनबाट टाढिनुपर्ला। श्रमअनुसार फाइदा कमै होला। ठूलो प्रयत्न गर्दा सामान्य उपलब्धि उठाउन

**धनु** – नयाँ जिम्मेवारी प्राप्त हुनुका साथै काममा ठूलै फड्को मार्न सकिनेछ। मनग्य धनलाभ हुनाले पारिवारिक आवश्यकता पूर्ति हुनेछ।

**मकर** – पुरानो हिसाबकिताबले विवाद निम्त्याउन सक्छ। तापनि संघर्षपछि लाभ उठाउन सकिनेछ। स्वार्थका लागि साइनो गाँस्नेहरूबाट सजग रहनुहोला।


**कुम्भ** – मेहनत गर्दा राम्रै फाइदा हुनेछ। भाग्यले विभिन्न अवसर जुराउनेछ। आस मारेको काम बन्नाले उत्साह जाग्नेछ। सानो प्रयत्नले दिगो लाभ उठाउन सकिनेछ।

**मीन** – प्रतीक्षित नतिजा कमजोर देखिनाले काम दोहोर्याउनुपर्ला। आम्दानी रोकिनाले योजना स्थगन हुन सक्छ। काम बिग्रने भयले सताउनेछ।

# मानवअधिकार आयोगको प्रतिवेदन कसरी हुन्छ कार्यान्वयन ?

**युग संवाददाता**
**काठमाण्डौं, १४ जेठ ।**




राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
पुल्चोक, ललितपुर, नेपाल (Pulchowk, Lalitpur, Nepal)

प्रेस-नोट

१३ जेठ, २०८३

**नवयुवा (Gen Z) आन्दोलनको अनुसन्धान प्रतिवेदनको सिफारिस नेपाल सरकारलाई**

गत २०८२ भदौ २३ र २४ गतेको नवयुवा (Gen Z) आन्दोलनको क्रममा भएका मानव अधिकारको उल्लङ्घनका सम्बन्धमा आयोगको मिति २०८३/२/१२ गतेको बैठकले निर्णय/सिफारिस गरी सिफारिस कार्यान्वयन गर्न नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई पत्राचार गरेको छ । यसअघि घटनाको अनुसन्धान गर्न आयोगद्वारा गठित समितिले अनुसन्धान सम्पन्न गरी आयोगलाई प्रतिवेदन पेश गरेको थियो । प्रतिवेदन उपर भएको निर्णय/सिफारिसको विस्तृत विवरण यसैसाथ संलग्न गरिएको छ ।

डा. टीकाराम पोखरेल
प्रवक्ता/सहसचिव

राष्ट्रिय मानवअधिकार आयोगले गत २३ र २४ भदौको घटनाका दोषीहरूलाई कारबाही र थप अनुसन्धान गर्न र भूतप्रभावी कानुन बनाएर कारबाही गर्नसमेत सिफारिस गरेको छ। आयोगकी सदस्य लिली थापाको संयोजकत्वमा गठित समितिले पूर्वप्रधानमन्त्री केपी शर्मा ओली, पूर्वगृहमन्त्री रमेश लेखक र पूर्वसूचना तथा सञ्चारमन्त्री पृथ्वी सुब्बा गुरुङले मानवअधिकार उल्लंघन गरेको निष्कर्ष निकालेको छ। साथै, उनीहरूलाई नयाँ कानुन बनाएर के-के कारबाही गर्ने भन्ने पनि सिफारिस गरेको छ।

२३ र २४ भदौको जेन-जी आन्दोलनका क्रममा विद्यार्थी, प्रहरी, प्रदर्शनकारी, कैदीबन्दी गरी ७६ जनाको ज्यान गएको थियो। सो क्रममा राज्यका ओहदामा रहेका तथा आम रूपमा आन्दोलनलाई प्रभावित पार्नेहरूको पनि नाम किटान आयोगको प्रतिवेदनमा गरिएको छ। त्यस्तै, उनीहरूलाई कारबाहीका कसुरका आधारमा सिफारिस र थप अनुसन्धान गर्नसमेत सिफारिस गरिएको छ।

आयोगको सिफारिसमा अन्तरिम सरकारका प्रधानमन्त्री सुशीला कार्की, निवर्तमान गृहमन्त्री सुधन गुरुङलगायतलाई थप अनुसन्धान गर्न भनिएको छ। त्यस्तै, पूर्वन्यायाधीश तथा जेन-जी आन्दोलन जाँचबुझ आयोगका अध्यक्ष गौरीबहादुर कार्कीमाथि अनुसन्धान गर्न राष्ट्रिय मानवअधिकार आयोगले सिफारिस गरेको छ।

त्यस्तै, सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेलाई जेन-जी आन्दोलनका क्रममा कारागारबाट कैदीबन्दी बाहिर पठाउने कार्यमा संलग्न भएको किटान गरिएको छ। लामिछानेलाई कारागार ऐन २०७९ को दफा ४९ बमोजिमको फौजदारी अपराध भएको निष्कर्ष निकालेको छ। रास्वपाका सांसदहरू मनिष झा र हरि ढकाल, नख्खु कारागार प्रशासनका सत्यराज जोशीलगायतलाई अनुसन्धानमा ल्याउन सिफारिस गरिएको छ।

आन्दोलनका क्रममा सिंहदरबार, सर्वोच्च अदालत र राष्ट्रपति भवन तोडफोड र आगजनी हुनुमा नेपाली सेनाको पनि कमजोरी रहेको आयोगले किटान गरेको छ। तर, सेनालाई कारबाहीको सिफारिस भने गरेको छैन।

जेन-जी आन्दोलन दमन गरेको भन्दै प्रहरी महानिरीक्षक दानबहादुर कार्की र सशस्त्र प्रहरी बलका आईजीपी नारायणदत्त पौडेल, डीआईजी ओमविक्रम राना, एसएसपी विश्व अधिकारी, सशस्त्रका एसपी जीवन केसी, राष्ट्रिय अनुसन्धान विभागका निर्देशक कृष्ण खनाल, काठमाडौंका प्रमुख जिल्ला अधिकारी छविलाल रिजाललाई विभागीय कारबाहीको सिफारिस गरिएको छ। सिफारिस गरे पनि आयोगको प्रतिवेदन कार्यान्वयनमा आउने विषयमा भने जानकारहरू शंका गर्छन्।

**कार्यान्वयन हुनेमा किन शंका**

सङ्क्रमणकालीन न्याय, टीकापुर घटना, मधेश आन्दोलन लाल आयोगको प्रतिवेदन कार्यान्वयनलगायतका घटनामा मानवअधिकार उल्लंघन भएका घटनाहरूका प्रतिवेदन कार्यान्वयनमा नआउँदा जेन-जी आन्दोलनको आयोगको प्रतिवेदन कार्यान्वयन हुनेमा शंका भएको हो।

माओवादी सशस्त्र द्वन्द्वका क्रममा गोरुसिङ्गे ब्यारेकमा जनकबहादुर राउतलाई चरम यातना दिएको मुद्दामा नेपाली सेनाका तत्कालीन महासेनानी कुमार लामालाई विभागीय कारबाही र पीडितलाई क्षतिपूर्ति दिनुपर्ने सिफारिस गरिएको थियो। तर, सरकारले लामालाई कुनै कारबाही गरेन। दक्षिण सुडानमा खटिएर लामो बिदामा बेलायत गएको बेला पुस २०६९ मा पक्राउ परेका थिए।

त्यस्तै, आयोगले माघ २०७२ मा मोरङको रंगेलीमा एमाले र संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाका कार्यकर्ताबीच झडप हुँदा प्रहरीको गोली लागेर तीन जनाको ज्यान गएको थियो। सो बेलामा सुरक्षा अधिकारीहरूले सतर्कता नअपनाउँदा तीन जनाको मृत्यु भएको आयोगले निष्कर्ष निकालेको थियो। मृतकको टाउकोमा गोली लागेको आयोगकी पूर्वसदस्य अन्सारीले बताइन्।

आयोगले दोषीलाई कानुनबमोजिम कारबाही गर्न र मृतक परिवारलाई उचित राहत र क्षतिपूर्तिको सिफारिस गरेको थियो। तर, आयोगको सिफारिसमा सरकारले तदारुकता देखाएको थिएन।

आयोगका पूर्वसदस्य अन्सारी निश्चित कार्यादेश बोकेर गठन भएको संवैधानिक आयोगको प्रतिवेदन कार्यान्वयन हुनुपर्ने बताउँछिन्। सरकारले सार्वजनिक पदमा रहेका व्यक्तिको सम्पत्ति छानबिन गर्न आयोग बनाएको र मानवअधिकार आयोगको सिफारिसमा थप अनुसन्धान गर्न पछि हट्न नहुने अन्सारी बताउँछिन्। 'उहाँहरूले सम्पत्ति छानबिन गर्न तत्काल आयोग बनाउनुभयो। यो त व्यक्तिको जीवनसँग जोडिएको कुरा हो। मानिसको जीवन सकिएको छ। उहाँहरूलाई सम्पत्ति प्रिय हुन्छ भने व्यक्तिको जिउधन प्रिय हुन पर्दैन ? अनुसन्धान तीमाथि पनि हुनुपर्छ,' उनले भनिन्।

विगतमा भए गरेका सबैजसो आयोग र अध्ययन समितिका प्रतिवेदन कार्यान्वयनमा आउनुपर्ने अन्सारी बताउँछिन्। 'तमाम आयोगका प्रतिवेदन थन्किएका छन्। ती प्रतिवेदन शोकेसमा थन्क्याउन राखिएको होइन नि। जनताको करबाट पालिएका पदाधिकारीले दिएका सिफारिस छन्, ती कार्यान्वयन हुनुपर्छ,' उनले भनिन्।

मानवअधिकारको संरक्षण गर्ने दायित्व राज्यको भएको अन्सारीले बताइन्। गोली चलाउन पूर्ण स्वीकृति हुने प्रमुख जिल्ला अधिकारीको भनाइ छ। आयोगले तत्कालीन वस्तुस्थितिको अनुसन्धान गर्ने भएकाले फरेन्सिक अनुसन्धान गर्ने काम सरकारको रहेको उनले बताइन्।

पूर्वडीआईजी हेमन्त मल्ल मानवअधिकार आयोगको प्रतिवेदन कार्यान्वयनमा शंका गर्छन्। 'सरकारले कार्यान्वयन गर्ला र ? विगतका अभ्यास पनि हेरौँ। विगतमा संवैधानिक आयोगदेखि जाँचबुझ आयोगका सिफारिसहरू कार्यान्वयनमा आएका छैनन्,' उनले भने।

आयोग र समितिहरूले कारबाही सिफारिस सुरक्षा निकाय, कर्मचारीतन्त्र, राजनीतिज्ञलाई गरेका हुन्छन्। उनीहरूको फरक मतका कारण पनि सिफारिस कार्यान्वयनमा जान नसकेको मल्ल बताउँछन्। 'अहिले पनि कारबाहीको सिफारिस सुरक्षा निकायका बहालवाला प्रमुखलाई छ। आफ्नै पार्टीका सभापतिलाई छ। आफ्नै पार्टीका माननीयलाई कारबाही सिफारिस छ। यसबाट अनुमान गर्न सकिन्छ- कारबाही होला ? भनेर,' उनले भने।

**कसरी गर्ने कार्यान्वयन ?**

मल्ल आयोगको प्रतिवेदनको कार्यान्वयन महान्यायाधिवक्ताको कार्यालयबाट गरिनुपर्ने बताउँछन्। कार्की नेतृत्वको जेन-जी आन्दोलनको प्रतिवेदन महान्यायाधिवक्ता कार्यालयबाट नगएर सरकार आफैँ अघि सर्न खोजेपछि गोलमाल भएको थियो। 'प्रहरी र सुरक्षा निकायलाई एकातिर लिएर गए। तत्कालीन प्रधानमन्त्री, गृहमन्त्रीको केस एकातिर लिएर गए। त्यसले कन्फ्युजन गरायो,' मल्लले भने, 'गोलमाल नहुने आयोगको प्रतिवेदन महान्यायाधिवक्ता कार्यालयमार्फत जानुपर्छ।'

महान्यायाधिवक्ता कार्यालयले मुद्दाको प्रकृति हेरेर कुन निकायमा पठाउने हो, सो निर्णय लिन सक्नेछ। भूतप्रभावी कानुन बनाउन संविधानले नदिने भएकाले विशेष अदालत गठन गर्ने वा भएका अदालतबाट मुद्दा किनारा लगाउने भन्ने निर्णय पनि महान्यायाधिवक्ता कार्यालयले गर्ने मल्लले बताए।

संविधानको धारा २४९ ले आयोगलाई मानवअधिकार उल्लंघन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध मुद्दा चलाउनुपर्ने भए अदालतमा मुद्दा दायर गर्न सिफारिस गर्न सक्ने अधिकार दिएको छ। आयोगले मानवअधिकार उल्लंघन गर्नेलाई विभागीय कारबाही र सजाय गर्न सम्बन्धित निकायसमक्ष सिफारिस गर्न सक्ने व्यवस्था संविधानमा छ। *(शिलापत्र)*

# जेसीीज सुर्खेतले सप्ताहव्यापी कार्यक्रम गर्दै

**युग संवाददाता**
**सुर्खेत, १४ जेठ ।**




युवाहरूको नेतृत्व तथा व्यक्तित्व विकासमा सक्रिय संस्था सुर्खेत महिला जेसीजले सप्ताहव्यापी जेसीज सप्ताह-२०२६ वीरेन्द्रनगर सुर्खेतमा आयोजना गर्ने भएको छ।

संस्थाले विभिन्न सामाजिक, शैक्षिक तथा नेतृत्व विकास सम्बन्धी कार्यक्रम सञ्चालन गर्दै सप्ताहव्यापी कार्यक्रमलाई भव्य रूपमा सम्पन्न गर्ने तयारी गरेको जनाएको छ। सुर्खेत महिला जेसीजको अध्यक्ष मनु सुनारका अनुसार कार्यक्रम अन्तर्गत वक्तृत्वकला प्रतियोगिता, रक्तदान, नेतृत्व विकास तालिम, स्वास्थ्य शिविर तथा नारी सम्मानलगायत विविध गतिविधि सञ्चालन गरिनेछन्।

कार्यक्रमहरूमा विभिन्न क्षेत्रका व्यक्तित्व, युवायुवती, विद्यार्थी तथा स्थानीयको सहभागिता रहने अपेक्षा गरिएको छ। जेसीज सप्ताहको उद्घाटन २०८३ जेठ १५ गते विरेन्द्रनगर स्थित शुभ होटलमा गरिने भएको छ। उक्त कार्यक्रम बिहान ११ बजे सुरु हुने जनाइएको छ। कार्यक्रमको संयोजन जेसी लक्ष्मी बीसी र जेसी झरना विष्टले गर्नेछन्। त्यसैगरी जेठ १६ गते बिहान छ बजे मंगलगढी चोकमा रक्तदान कार्यक्रम आयोजना गरिने भएको छ।

समाजमा रगत अभावको समस्या न्यूनीकरण गर्ने उद्देश्यसहित सञ्चालन हुने उक्त कार्यक्रमको संयोजन जेसी रितु वयलकोटीले गर्ने जनाइएको छ। जेठ १७ गते शुभ होटलमा नेतृत्व विकास तालिम सञ्चालन गरिनेछ। युवाहरूको क्षमता अभिवृद्धि, नेतृत्व विकास तथा व्यक्तित्व निर्माणमा सहयोग पुग्ने उद्देश्यले आयोजना गरिएको तालिमको संयोजन जेसी बसन्ता काकीले गर्ने संस्थाले जनाएको छ।

यस्तै, जेठ २२ गते वडा नम्बर छ कार्यालय परिसरमा स्वास्थ्य शिविर सञ्चालन गरिनेछ। दिउँसो एक बजे सुरु हुने शिविरमार्फत स्थानीय नागरिकलाई स्वास्थ्य सेवा प्रदान गरिने कार्यक्रम संयोजक जेसी बालकुमारी सुनारले जानकारी दिइन्। जेसीज सप्ताहको समापन जेठ २३ गते शुभ होटलमा "नारी सम्मान तथा पुरस्कार वितरण कार्यक्रम" मार्फत गरिने भएको छ।

उक्त कार्यक्रममा विभिन्न क्षेत्रमा योगदान पुर्‍याएका महिलाहरूलाई सम्मान गरिनुका साथै सप्ताहभर सञ्चालन भएका कार्यक्रमका उत्कृष्ट सहभागीलाई पुरस्कार वितरण गरिनेछ। कार्यक्रमको संयोजन जेसी सुमित्रा चौधरी र जेसी सुस्मिता रिजालले गर्नेछन्।

सुर्खेत महिला जेसीजकी अध्यक्ष निशी हाङ सुनारले युवाहरूको नेतृत्व विकास, सामाजिक उत्तरदायित्व तथा महिला सशक्तीकरणलाई प्राथमिकतामा राखेर कार्यक्रम आयोजना गरिएको बताइन्। महासचिव जेसी भावना रानाले सप्ताहव्यापी कार्यक्रममा सबैको सहभागिताका लागि आग्रह गरेकी छन्।

**घुश्याहाखोला पिपलचौर सिचाई योजना उपभोक्ता समिति, भैरबी- १, दैलेख**
**कोलटाकुरा डाँडा लिफ्ट खानेपानी तथा सरसफाई योजना उपभोक्ता समिति, भैरबी - २, दैलेख**
**भक्केमुल लेख्खेत सिचाई योजना उपभोक्ता समिति, भैरबी- ३, दैलेख**
**चिसापानी जुम्ग्रे सिचाई योजना उपभोक्ता समिति, भैरबी- ५, दैलेख**
**मुसेलेडी डाँडासरु वहुउपयोगी योजना उपभोक्ता समिति, भैरबी- ७, दैलेखको**
**संयुक्त खरिद समिति**

## भैरबी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**भेरीकालि काथुम, दैलेख**

## सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८३/०२/१५**
**सिलबन्दी दरभाउपत्र नं. Bhairabi_LACCP_SQ_001_082/083**

भैरबी गाउँपालिका/ जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना, दैलेख अन्तरगत भैरबी गाउँपालिकामा सञ्चालित माथि उल्लेखित खानेपानी तथा सरसफाइ, सिंचाई र अन्य निर्माण योजनाहरुका लागि परियोजनाको खरिद निर्देशिका बमोजिम योजना निर्माणमा प्रयोग हुने निर्माण सामग्रीहरु, पाइपहरु, फिटिङ्गस् तथा औजारहरु खरिद गर्नुपर्ने भएकोले दरभाउपत्र साथ संलग्न परिमाण, दरभाउपत्र साथ उपलब्ध गराइएको स्पेशीफिकेशन वमोजिमको तौल र गुणस्तरका सामानहरु निम्न शर्तहरुको अधिनमा रही सप्लाई गर्न इच्छुक मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्म वा सप्लायरबाट सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ।

**शर्तहरु:**

| समूह | योजनाको नाम | सिलबन्दी दरभाउपत्रको अनुमानित रकम (दुवानी सहित) | सिलबन्दी दरभाउपत्र खरिद दस्तुर (फिर्ता नहुने गरी) | दुवानी गर्नु पर्ने स्थान |
|---|---|---|---|---|
| समूह (क) | घुश्याहाखोला पिपलचौर सिचाई योजना उपभोक्ता समिति, भैरबी- १, दैलेख | ४५९६०६३।९९ (अक्षरुपी रु. पैतालिस लाख छयानब्य हजार तिर्सटी रुपियाँ उनानसय पैसा मात्र) | ३०००/०० (अक्षरुपी रु. तिन हजार मात्र) | भिरखेत बजार |
| | भक्केमुल लेख्खेत सिचाई योजना उपभोक्ता समिति, भैरबी-३, दैलेख | | | दुल्लु-८, घ्यातिदु बजार |
| | चिसापानी जुम्ग्रे सिचाई योजना उपभोक्ता समिति, भैरबी- ५, दैलेख | | | डाडीमाडी बजार |
| समूह (ख) | कोलटाकुरा डाँडा लिफ्ट खानेपानी तथा सरसफाई योजना उपभोक्ता समिति, भैरबी-२, दैलेख | ५५८२१८९।८४ (अक्षरुपी रु. पचपन्न लाख बयासी हजार एक सय उनानब्य रुपियाँ चौरासी पैसा मात्र) | ३०००/०० (अक्षरुपी रु. तिन हजार मात्र) | रावतकोट |
| | मुसेलेडी डाँडासरु वहुउपयोगी योजना उपभोक्ता समिति, भैरबी- ७, दैलेखको | | | कुसापानी बजार |

१) विभिन्न आवश्यक निर्माण सामग्री, पाइपहरु, फिटिङ्गस् तथा औजारहरु सप्लाई सम्बन्धी दरभाउपत्र फारम प्रति फाराम रु. ३००० अक्षेरपी रु. तीन हजार मात्र (पछि फिर्ता नहुने गरी) भैरबी गाउँपालिकाको हिमालयन बैंक लि. शाखामा रहेको खाता नं. १२०५०७३९२८००९८ (ग-१.१ - आन्तरिक राजस्व खाता) राजस्व शिर्षक (१४२२९) मा जम्मा गरि सक्कल भौचर अथवा यस कार्यालयको राजश्व शाखावाट सुत्र प्रणाली अनलाइन भौचर लिई सक्कल प्रति संलग्न राखी लिखित निवेदनको साथमा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र, अद्यावधिक कर चुक्ताको प्रमाणपत्र निवेदन साथ संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले सातौं दिनको कार्यालय समय भित्र भैरबी गाउँपालिकाको कार्यालय वा जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना, परियोजना सहयोग इकाई बिरेन्द्रनगर सुर्खेतवाट खरिद गर्न सकिने छ। बिभिन्न आवश्यक निर्माण सामाग्रीहरू, पाइपहरू, फिटिङ्स् तथा औजारहरू सप्लाई सम्वन्धि दरभाउपत्र फाराम भैरबी गाउँपालिका कार्यालयको वेवसाइट https://bhairabimun.gov.np/ र जलबायु परिवर्तन स्थानीय अनुकुलन परियोजनाको वेवसाइट https://www.laccp.org.np/ वाट पनि डाउनलोड गरि खरिद गर्न सकिनेछ। तर सप्लायर्सले सिलवन्दी दरभाउपत्र दर्ता गर्दा भैरबी गाउँपालिकाको माथि उल्लेखित राजस्व खातामा जम्मा गरेको भौचरको सक्कल प्रति सिलवन्दी दरभाउपत्रसँगै अनिवार्य पेश गर्नुपर्नेछ।

२) खरिद गरिएको दरभाउपत्र फारामहरु रितपूर्वक भरी सूचना प्रकाशित भएको मितिले ८ औं (आठौं) दिन अर्थात मिति २०८३/०२/२२ गतेको दिउसो १२:०० बजे भित्र फाराम खरिद गरिएको कार्यालयमा दर्ता गराउनु पर्नेछ। साथै दरभाउ पत्र खरिद गरेको सक्कलै बैंक जम्मा भौचर सहित दरभाउपत्र फाराम सिलबन्दी गरी सम्बन्धित उपभोक्ता समितिको नाम, ठेगाना र निर्माण सामग्रीहरु, पाइप तथा फिटिङ्गस् सप्लाई सम्बन्धी दरभाउपत्र भन्ने व्यहोरा लेख्नुपर्नेछ।

३) सिलवन्दी दरभाउ पत्र पेश गर्दा सप्लायरको आधिकारिक प्रतिनिधि आफै उपस्थित भई वा हुलाक वा कुरियर मार्फत समेत पेश गर्न सक्नेछ। हुलाक वा कुरियर मार्फत पठाएको सिलवन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले ८ औं (आठौ) अर्थात मिति २०८३/०२/२२ गतेको दिनको दिउसो १२:०० वजे भित्र प्राप्त भईसक्नु पर्नेछ।

४) सप्लाई हुने सामग्रीहरुको भुक्तानी उपभोक्ता समितिहरुको भैरबी गाउँपालिकाको कार्यालयमा रहेको उपभोक्ता समितिहरुको गोदाममा ढुवानी भै प्राबिधिक चेकजाँच भएपछि मात्र गर्नेछन। तसर्थ दरभाउपत्र पेश गर्दा जमानत आवश्यक पर्ने छैन।

५) उपरोक्त अनुसार प्राप्त भएका दरभाउपत्रहरु संकलन गरी मिति २०८३/०२/२२ गते भैरबी गाउँपालिकाको कार्यालयमा दिनको १२:०० बजे उपभोक्ता समितिका खरिद समितिका प्रतिनिधिहरु, गाउँपालिका कार्यालयका प्रतिनिधिहरु, जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना प्रतिनिधिहरु र दरभाउपत्रदाताहरु वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ। दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पुग्ने छैन।

६) दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने तथा खोल्ने अन्तिम दिनमा सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन तोकिएको समय भित्र बिक्रि गरिने, दर्ता गरिने वा खोलिनेछ।

७) दरभाउपत्रमा दररेट लेख्दा अंक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ। अंक र अक्षरमा केरमेट भएकोमा दस्तखत र छाप लगाएको हुनु पर्नेछ।

८) म्याद नाघी वा रीत नपुगी आएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन।

९) दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार उपभोक्ता समितिहरुमा सुरक्षित रहनेछ।

१०) अन्य शर्तहरु परियोजनाको खरिद कार्यविधि वमोजिम हुनेछ। थप शर्तहरु दरभाउपत्र साथै संलग्न गरिएको छ।

११) यो सूचनामा केहि संशोधन गर्नु परेमा सो को सूचना भैरबी गाउँपालिकाको सूचना पाटीमा टाँस तथा वेबसाइटमा राखिनेछ।

१२) अन्य थप जानकारी चाहिएमा भैरबी गाउँपालिका / परियोजना कार्यान्वयन गर्ने पालिका एकाईको फोन नं. ९८५८०३३३२० वा जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना, परियोजना सहयोग एकाई बिरेन्द्रनगर, सुर्खेतमा सम्पर्क गर्न सकिनेछ।

## बालिका...

प्राथमिकता बारेमा पनि छलफल गरिएको छ। गुनासो सुनुवाई संयन्त्रको प्रावधान र प्रतिवेदन प्रक्रिया, सञ्जालको कार्यक्षमता तथा दिगोपना, कार्ययोजना तथा आगामी कदमहरुबारेमा समेत कार्यशालालामा छलफल गरिएको छ।

कार्यशालाले कर्णाली प्रदेशका स्थानीय तहहरुमा बालिका तथा समावेशी शिक्षा सञ्जालको प्रभावकारी प्रवर्द्धन, लैङ्गिक उत्तरदायी र समावेशी शिक्षा योजना निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्नका लागि मदत पुर्याउने बताईएको छ।

कार्यशालाको सहजीकरण कर्णाली प्रदेश सामाजिक विकास मन्त्रालयका शिक्षा महाशाखा प्रमुख सुवर्ण कुमार खड्का, शिक्षा अधिकृत (आठौं) बलवीर सुनार, पिपुल इन निडका बालिका तथा समावेशी सञ्जालका प्राविधिक लिड बिना बराल र प्रदेश संयोजक मञ्जु लोहनीले गरेका थिए।

## पर्यटन...

छ।' यस्तै, सुर्खेतको बुलबुले तालबाट काक्रेबिहार हुँदै निकास जलाधारसहितको बहुउद्देश्यीय परियोजनाको सम्भाव्यता अध्ययन गर्ने, वन अतिक्रमण र नियन्त्रणका लागि कित्तामा आधारित वन क्षेत्र कायम गर्ने, प्लाष्टिकजन्य वस्तुको प्रयोगलाई निरुत्साहित गर्दै वैकल्पिक सामग्री प्रयोगमा प्रवर्द्धन गर्ने, कर्णाली र भेरी नदीमा एकीकृत जलाधार व्यवस्थापन योजना कार्यान्वयन गर्ने प्रतिबद्धता प्रदेश सरकारले आफ्नो नीति तथा कार्यक्रममा गरेको थियो। बिडम्बना यी रणनैतिक महत्वका योजना पनि कार्यान्वयनमा जान सकेका छैनन्। चालु आर्थिक २०८२/०८३ को नीति, कार्यक्रम तथा बजेटमा पनि यी कार्यक्रमले निरन्तरता पाएका छन्। तर, आर्थिक वर्ष सकिन एक महिना बाँकी रहदा कार्यान्वयनको स्पष्ट खाका सार्वजनिक भएको छैन।

यस्तै, प्रदेश सरकारको २०८१/०८२ को बजेट वक्तव्यमा नयाँ उद्योग व्यवसायीलाई आकर्षण गर्न स्टार्टअप उद्योगको विकासका लागि आवश्यक नीति मापदण्ड तथा प्रोत्साहनका कार्यक्रमहरू सञ्चालन गर्ने जनाएको थियो। नेपाल सरकारद्वारा स्थापना हुने बिजनेस इन्क्यूवेशन सेन्टर सञ्चालनमा आवश्यक समन्वय र सहजीकरण गर्ने योजना पनि बजेट किताबमा समावेश थिए। यस्तै, सुर्खेत उपत्यकाको उत्तरी क्षेत्रमा रहेको कट्कुवा, लाँदे, गोठीकाँडा तथा सिद्दपाइला क्षेत्रलाई हिलस्टेशनको रूपमा विकास गर्ने, प्रमुख पर्यटकीय गन्तव्य स्थलका रूपमा रहेको मुगुको रारा ताल, सुर्खेतको काँक्रेविहार, बुलबुले उद्यान तथा चौघान पार्क र रुकुम पश्चिमको स्यार्पु तालको संरक्षण र विकास गर्ने योजना पनि बजेट वक्तव्यमा अटेका थिए। तर, बजेट वक्तव्यमा उल्लेखित यी कुनै पनि कार्यक्रम कार्यान्वयनको तहमा प्रवेश गरेका छैनन्। नदीमाथिको गर्रा बनाउँदै हराभरा भन्ने ध्येयका साथ कर्णाली नदी बेसिनका टारहरूमा लिफ्टिङ प्रविधिका माध्यमबाट सिँचाइ सुविधा विस्तार गर्ने अघि बढाइएका ३५ सिँचाइ आयोजनाहरूको प्रगतिसमेत सन्तोषजनक नभएको महालेखाले जनाएको छ। यस्तै, लघु जलविद्युत, सौर्य ऊर्जा लगायत वैकल्पिक ऊर्जा प्रवर्द्धन ग्रामीण विद्युतीकरण कार्यक्रम लगायत विद्युत संरचनाका निर्माण गर्न १७ करोड ३५ लाख विनियोजन भएकोमा आठ करोड ११ लाख खर्च भएको छ। तर, प्रगति भने न्यून छ।

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
हु.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान
राष्ट्रिय दैनिक

# कांग्रेसबाट निर्वाचित पालिका अध्यक्ष रास्वपा प्रवेश

**युग संवाददाता**
**जुम्ला, १४ जेठ ।**

नेपाली काङ्ग्रेसबाट निर्वाचित जुम्लाको गुठीचौर गाउँपालिकाका अध्यक्ष दानबहादुर बुढा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मा प्रवेश गरेका छन् ।

बिहीबार गाउँपालिकामा आयोजित भेलामार्फत उनले आफू रास्वपामा प्रवेश गरेको घोषणा गरेका हुन् । रास्वपा प्रवेशसँगै अध्यक्ष बुढाले नेपाली काङ्ग्रेस नेतृत्वलाई खुला चुनौती दिएका छन् । आफू संविधानअनुसार सार्वभौम जनताबाट निर्वाचित भएको उल्लेख गर्दै उनले पार्टीले चाहेर आफ्नो पद खोस्न नसक्ने दाबी गरे ।

उनी २०५७ सालमा माओवादी आन्दोलनमा भूमिगत भएका थिए । त्यहाँ पनि नटिक्दै एमालेमा प्रवेश गरेका थिए । २०७४ को स्थानीय तह पहिलो निर्वाचनअघि नेपाली काङ्ग्रेसमा प्रवेश गरी गुठीचौर गाउँपालिकाको अध्यक्ष पदको टिकट पाएका थिए । तर, उनी पराजित भएका थिए ।

२०७९ मा भने उनी गुठीचौरको अध्यक्षमा निर्वाचित भएका थिए । यस्तै, गुठीचौर गाउँपालिका-३ का स्वतन्त्रबाट निर्वाचित वडाध्यक्ष इन्द्र बुढा पनि रास्वपा प्रवेश गरेका छन् । २०७९ को स्थानीय तह निर्वाचनमा स्वतन्त्र उम्मेदवारका रूपमा निर्वाचित भएका बुढा बिहीबार रास्वपामा प्रवेश गरेका हुन् ।

# पैतालिस सार्वजनिक संस्थानमध्ये अधिकांश कमजोर

**युग संवाददाता**
**काठमाडौँ, १४ जेठ ।**

सरकारले सार्वजनिक गरेको 'सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा प्रतिवेदन २०८३' ले देशका सार्वजनिक संस्थानहरूको अवस्था मिश्रित रहेको देखाएको छ ।




आर्थिक वर्ष २०८१/८२ को अन्त्यसम्म देशमा कूल ४५ सार्वजनिक संस्थानमध्ये छ वटा निष्क्रिय रुपमा अस्तित्वमा रहेको तर छ संस्थान कानुनी रूपमा कायम रहेर पूर्णरूपमा निष्क्रिय रहेका प्रतिवेदनमा उल्लेख छ । अर्थ मन्त्रालयले बुधबार सार्वजनिक गरेको प्रतिवेदनअनुसार शेयर पुँजीमा ५० प्रतिशतभन्दा बढी सरकारी नियन्त्रण रहेका र वस्तु तथा सेवाको उत्पादन तथा वितरण गर्ने उद्देश्यले स्थापना गरिएका निकायलाई सार्वजनिक संस्थानका रूपमा वर्गीकृत गरिएको छ ।

कार्य प्रकृतिका आधारमा औद्योगिक क्षेत्रमा १०, वित्तीय क्षेत्रमा १०, सेवा क्षेत्रमा ११, व्यापारिक क्षेत्रमा चार, सामाजिक क्षेत्रमा पाँच तथा जनोपयोगी क्षेत्रमा पाँच संस्थान रहेका छन् । जनकपुर चुरोट कारखाना लिमिटेड, नेपाल मेटल कम्पनी लिमिटेड, नेपाल ओरियण्ड म्याग्नेसाइट प्राइभेट लिमिटेड, बुटवल धागो कारखाना लिमिटेड, नेपाल इन्जिनियरिङ कन्सल्टेन्सी सेवा केन्द्र र नेशनल कन्स्ट्रक्सन कम्पनी नेपाल लिमिटेड गरी छ संस्थान कानुनी रूपमा अस्तित्वमा भए पनि कुनै व्यावसायिक गतिविधि सञ्चालनमा छैनन् ।

नेपाल इन्जिनियरिङ कन्सल्टेन्सी सेवा केन्द्र र नेशनल कन्स्ट्रक्सन कम्पनी नेपाल लिमिटेडबाट लामो समयदेखि वित्तीय विवरणसमेत प्राप्त नभएकाले विश्लेषणका लागि ४५ मध्ये ४३ संस्थानलाई मात्र प्रतिवेदनमा समावेश गरिएको छ ।

उदयपुर सिमेन्ट उद्योग लिमिटेड, हेटौँडा सिमेन्ट उद्योग लिमिटेड र नेपाल औषधि लिमिटेड समीक्षा अवधिमा पूर्ण क्षमतामा सञ्चालन भएका छैनन् । नेपाल पूर्वाधार निर्माण कम्पनीले अझै पूर्ण व्यावसायिक रूप लिन नसकेको तथा धौवादी फलाम कम्पनी लिमिटेड उत्पादनपूर्वको चरणमा छ ।

सार्वजनिक संस्थानहरूले रणनीतिक पूर्वाधार निर्माण, बजार सन्तुलन, वित्तीय विकास, सामाजिक सुरक्षा तथा सङ्कट व्यवस्थापनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन् । निजी क्षेत्रको सम्भावित एकाधिकार, कृत्रिम अभाव, 'कार्टेलिङ, सिन्डिकेट' र कालोबजारी नियन्त्रण गरी बजार सन्तुलन कायम गर्न सार्वजनिक संस्थानले योगदान पुऱ्याएको सरकारको निष्कर्ष छ ।

बैंक तथा वित्तीय क्षेत्रको विस्तार, स्रोत परिचालन र मूल्य स्थिरतामा सार्वजनिक संस्थानको भूमिका महत्वपूर्ण रहेको प्रतिवेदनमा उल्लेख छ । कर तथा लाभांशमार्फत सरकारी कोषमा संस्थानहरूले उल्लेखनीय योगदान गरेका छन् ।

प्रतिवेदनअनुसार आर्थिक वर्ष २०८१/८२ सम्म अस्तित्वमा रहेका ४५ संस्थानमध्ये २० वटा नेपाल सरकारको पूर्ण स्वामित्वमा छन् भने २५ वटा संस्थानमा सरकार तथा सरकारी निकायको संयुक्त रूपमा ५० प्रतिशतभन्दा बढी स्वामित्व रहेको छ । बत्तीस वटा संस्थानमा सरकारको ९० प्रतिशतभन्दा बढी र ३६ वटा संस्थानमा ६० प्रतिशतभन्दा बढी शेयर स्वामित्व छ ।

सामाजिक क्षेत्रका सबै पाँच संस्थान सरकारको पूर्ण स्वामित्वमा छन् । औद्योगिक क्षेत्रतर्फ दुग्ध विकास संस्थान, उदयपुर सिमेन्ट उद्योग, हेटौँडा सिमेन्ट उद्योग, जनकपुर चुरोट कारखाना र धौवादी फलाम कारखानामा सरकारको शतप्रतिशत लगानी छ ।

सेवा क्षेत्रका नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी, नेपाल वायु सेवा निगम, नेपाल नागरिक उड्डयन प्राधिकरण, नेपाल रेल्वे कम्पनीलगायत संस्थानमा पनि सरकारको पूर्ण स्वामित्व छन् । जनोपयोगी क्षेत्रतर्फ नेपाल खानेपानी संस्थान र नेपाल विद्युत् प्राधिकरण सरकारकै पूर्ण स्वामित्वमा छन् । वित्तीय क्षेत्रका संस्थानमा भने सरकारको पूर्ण स्वामित्व नरहेका प्रतिवेदनले देखाएको छ । राष्ट्रिय वाणिज्य बैंक लिमिटेडमा सरकारको ९९ दशमलव ९७ प्रतिशत स्वामित्व छ ।

आर्थिक वर्ष २०८१/८२ मा सार्वजनिक संस्थानहरूको चुक्ता पुँजी दुई दशमलव ३८ प्रतिशतले वृद्धि भई रू चार खर्ब ३७ अर्ब ८० करोड १२ लाख पुगेको छ । यद्यपि कूल शेयर स्वामित्वमा सरकारको हिस्सा अघिल्लो वर्षको तुलनामा शून्य दशमलव २९ प्रतिशत विन्दुले घटेर ९१ दशमलव ६८ प्रतिशतमा सीमित भएको छ । बाँकी आठ दशमलव ३२ प्रतिशत सेयर अन्य संस्थान तथा निजी क्षेत्रको छ ।

# कर्णाली प्रदेशस्तरिय प्रथम मेयर कप फुटबल आजदेखि

**युग संवाददाता**
**सुर्खेत, १४ जेठ ।**

चार लाख राशिको कर्णाली प्रदेशस्तरिय प्रथम मेयर कप फुटबल प्रतियोगिता शुक्रबार (आज) देखि आयोजना हुने भएको छ । बिहिबार प्रतियोगिताको तयारी बारे जानकारी दिन आयोजित पत्रकार सम्मेलनमा आयोजक कर्णाली प्रदेश फुटबल संघले प्रतियोगिताको सम्पूर्ण तयारी पुरा भएको जनाएको छ ।

वीरेन्द्रनगर नगरपालिकाको आर्थिक सहयोगमा २१ जेठसम्म सञ्चालन हुने प्रतियोगिता प्रदेश राजधानी सुर्खेतको वीरेन्द्रनगरमा आयोजना हुनेछ । आयोजक संस्था कर्णाली प्रदेश फुटबल संघका अध्यक्ष प्रमोद हमालले कर्णाली प्रदेशमा खेलकुद विकास तथा स्थानीय प्रतिभाको प्रवर्द्धन गर्ने उद्देश्यले आयोजना गर्न लागिएको प्रतियोगितामा प्रदेशभरका १३ टिमले प्रतिस्पर्धा गर्ने बताए ।

उनका अनुसार प्रतियोगिताको विजेता टिमले चार लाख तथा उपविजेता टिमले दुई लाख रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन् । त्यस्तै, उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीहरूलाई जनही १५ हजार रुपैयाँका दरले बेस्ट अवार्ड प्रदान गरिने उनले बताए ।


## ऋण चुक्ता गर्ने सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना

**सूचना प्रकाशित मिति : २०८३/०२/०८ गते शुक्रबार**

उपरोक्त विषयमा यस साझा बचत तथा ऋण सहकारी संस्था लि. वाट विभिन्न मिति, समय र शिर्षकमा लगानी गरिएको कर्जा लिखित शर्तनामामा तोकिएको समयावधि समाप्त भए पनि कर्जा चुक्ता गर्न आनाकानी गर्ने, सम्पर्कविहीन हुने अवस्था रहेको र विभिन्न समयमा पटक-पटक ऋण चुक्ताको लागि मौखिक, लिखित, फोन सम्पर्क गरी अनुरोध गरिएतापनि हालसम्म कर्जा चुक्ता गर्न नआएकोले ३५ दिनभित्र आफ्नो सांवा, व्याज र ऋण सम्बन्धि अन्य दायित्व वापतको तिर्न बुझाउन पर्ने रकम चुक्ता गर्नुहुन सम्बधित सबै कर्जा धनीहरुलाई सुचना प्रकाशित गरिएको छ । अतः यो सुचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र यस संस्थालाई बुझाउन बांकी रहेको सम्पूर्ण सांवा, व्याज र हर्जना लगायतका रकम यकमुष्ट चुक्ता गर्न गराउनको लागि सम्बन्धित ऋणी , धितोवाला, जमानीकर्ता एवम सम्बद्ध सबैलाई यसै सुचनाद्धारा जानकारि गराईन्छ । अन्यथा सो म्यादभित्र बक्यौता रहेको सम्पुर्ण रकम संस्थालाई भुक्तान नगर्ने ऋणी सदस्यहरुको ऋण असुल गर्न आवश्यक कानुनी प्रक्रियाका लागि सहकारी ऐन २०७४, राष्ट्रिय सहकारी नियमन प्राधिकरणको निर्देशन र संस्थाको ऋण लगानी कार्यविधिको अधिनमा रहि कर्जाधनी, र जमानीकर्ताले ऋण लिदाको बखत गरेका तमसुक तथा लिखित कागजातहरुका आधारमा ऋणि र जमानी दिने व्याक्तीको फोटो र तिन पुस्ते नामावली सहित उल्लेख गरी सामाजिक संञ्जाल, तथा स्थानिय पत्र पत्रिकामा सुचना प्रकाशन गरिने र आवश्यक कानुनी प्रक्रियाबाट धितो, जायजेथा लिलाम बिक्री गरि असुलउपर गरिने छ । साथै जमानीमा रहेको धितो लिलाम विक्रीबाट पनि यस संस्थाको लेना रकम असुल उपर नभएमा सम्बन्धित ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा तथा सम्पतिबाट समेत असुल उपर गरि लिने र ऋणी र जमानी सदस्यलाई कानुन बमोजिम कर्जा सुचना केन्द्रको कालो सुचिमा नाम समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई यो सार्वजनिक सुचनामार्फत जानकारी गराईन्छ। संस्थाको यस कार्यबाट ऋणी सदस्यहरुको सामाजिक मानमर्दन, पद, व्यवसायिक कार्य र व्यक्तिगत छविमा आंच आउने र हानी नोक्सानी हुने भएमा संस्था जवाफदेही नहुने व्यहोरा यसै सार्वजनिक सूचनामार्फत जानकारी गराईन्छ ।

संस्थाको हित तथा सदस्यहरुको वितिय अनुशासन कायम राख्न सम्बन्धित सबैमा सहयोगको अपेक्षा राख्दछु ।

कर्जा विभाग
**साझा बचत तथा ऋण सहकारी संस्था लि.**
वीरेन्दनगर-०९, सुर्खेत
फोन नं ०८३-५२५३८८

## ९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

**हाम्रा विशेषताहरु**

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट**
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

## सामाजिक र सांस्कृतिक सद्भाव कायम राखौं

- सबै जात/जाति, भाषा/भाषी, धर्म र संस्कृतिको सम्मान गरौं,
- आपसी समझदारी, सहिष्णुता र भाईचारा बढाऔं,
- घृणा, विभेद र हिंसाजन्य व्यवहार त्यागौं,
- पर्व-उत्सवहरू मिलेर मनाऔं,
- अफवाह र भ्रामक सूचनाबाट सचेत बनौं,
- संवाद र सहकार्यबाट विवाद समाधान गरौं,
- शान्तिपूर्ण र समावेशी समाज निर्माणमा योगदान दिऔं ।

**विविधतामा एकता भन्ने भावना विकास गरौं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

पश्चिम नेपालकै सबै भन्दा ठूलो २८x४० साईजको मेसिनबाट छपाई
**RARA Printing Pvt.Ltd.**
रारा प्रिन्टीङ्ग प्रा.लि.
Kohalpur-11, NTV Road, Banke (कोहलपुर न.पा.-११, NTV रोड, बाँके)




हाम्रो यहाँ छपाई सम्बन्धी सम्पूर्ण काम गरिन्छ ।
सम्पर्क नं. ९८५८०६०६१५/९८५१४००४२३/९८५१३२९१३९


युगआव्हान दैनिकका लागि प्रकाशक/सम्पादकः दीपककुमार बुढा क्षेत्री, कार्यकारी सम्पादकः ओम बहादुर शाही, प्रधान कार्यालयः वीरेन्द्रनगर, सुर्खेत, कर्पोरेटः कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
शाखा कार्यालयः सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अत्तरिया-धनगढी, कैलाली फोनः ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ मुद्रणः रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।